स्थानिय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७५

अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग २ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

---

# स्थानीय राजपत्र

---

खण्डः ०६ संख्याः २५ मितिः २०७९।१२।१०

---

## भाग-२

## विरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,स्याङ्जा

---

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०७९।१२।०७ गते विरुवा गाउँपालिकाको कार्यपालिकाले बनाएको **“विरुवा गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९”** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना :-** लोककल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न तथा निरपेक्ष गरिबीको रेखामुनी रहेका दिर्घ रोगी महिला, बालबालिका, विपन्न अति अशक्त। अपांग र पूर्ण अशक्त अपांग, बेवास्तामा परेका ज्येष्ठ नागरिकको लागि आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धी कानून बनाउन बाञ्छनिय भएकोले विरुवा गाउँकार्यपालिकाले मिति २०७९।१२।०७ गते स्वीकृत गरी यो कार्यविधि लागु गरेको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः-** (१) यस कार्यविधिको नाम **"विरुवा गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. **परिभाषाः-** विषय प्रसंगले अर्को अर्थ नलागेमा

(क) "गाउँपालिका" भन्नाले विरुवा गाउँपालिकालाई सम्झनु पर्छ ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले विरुवा गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) “आर्थिक सहायता पाउन योग्य व्यक्ति” भन्नाले आर्थिक अवस्था कमजोर भएका मुटु, क्यान्सर मृगौला रोग लागेका महिला पुरुष, बालबालिका, वृद्धवृद्धा, सडक दुर्घटनामा परि ज्यान गुमाउने मृतक परिवार, रुख भिरबाट खसेर मृत्यु भएका मृतक परिवार र विधुतीय करेन्ट लागी मृत्यु भएका मृतक परिवारलाई बुझ्नु पर्दछ ।

(घ) “वडा कार्यालय” भन्नाले विरुवा गाउँपालिका अन्तर्गतका विभिन्न वडा कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले विरुवा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(च) “ अध्यक्ष” भन्नाले विरुवा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

## परिच्छेद – २

## आर्थिक सहायता सम्बन्धि मापदण्ड

३. **दिर्घ रोगी तथा पीडितलाई सहायता:-** (१) आर्थिक सहायता पाउन योग्य गंभिर प्रकृतिका दिर्घ रोगी, मृगौला सम्बन्धी रोग, मुटु रोग, कुनै पनि प्रकारको

शल्यक्रिया, गम्भिर प्रकृतिको पोलाई, टाउकोको गंभिर चोट, गम्भिर प्रकृतिको मानसिक समस्या, दुर्घटना र त्यसको कारणबाट उत्पन्न भएको स्वास्थ्य समस्या, क्षयरोग, मेरुदण्ड सम्बन्धी गम्भिर समस्या, स्पाइनल कर्ड सम्बन्धी समस्या साथै पक्षघात, क्यान्सर, ब्रेन ट्युमर र कुनै पनि गम्भिर स्वास्थ्य समस्याको कारण अस्पताल वा स्वास्थ्य संस्था सम्म आर्थिक अभावको कारण उपचार गराउन नसक्ने विपन्न व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नको लागि आवश्यक कागजात सहित गाउँपालिकामा अनुसूची-१ बमोजिमको निवेदन दिन सक्नेछन् ।

**स्पष्टिकरणः** “आवश्यक कागजात" भन्नाले आर्थिक रुपले विपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात वा सिफारिस, अस्पतालको रिपोर्ट वा नेपाल सरकार मेडिकल बोर्ड तथा नेपाल सरकारबाट मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट आधिकारीक रुपमा जारी गरेको सिफारिस लगायतका कागजात बुझ्नु पर्दछ ।

(२) उपखण्ड (१) बमोजिम प्राप्त निवेदन उपर प्रमुख प्रशासकीय अधिकृत तथा सम्बन्धित शाखा सँग राय लिई अध्यक्षले आवश्यक कागजातहरु परीक्षण गरी/परीक्षण गर्न लगाई रु.

१००००।— (अक्षरुपी दश हजार रुपैंया मात्र) मा नबढ्ने गरी आर्थिक सहायता प्रदान गरी सम्बन्धित निकायमा निःशुल्क उपचारको लागि समेत सिफारिस गर्न सकिने छ ।

४. खण्ड ३ बमोजिम आर्थिक सहायता पाउने बाहेक अन्य गम्भिर प्रकृतिको स्वास्थ्य समस्याको हकमा उपचारमा आर्थिक अभावका कारण वञ्चित हुनुपर्ने अवस्था सिर्जना भई त्यसको यथेष्ट प्रमाण भएमा कार्यपालिकाको निर्णय बमोजिम रु. ३००००।— (अक्षरुपी तीस हजार रुपैंया मात्र) मा नबढ्ने गरी आर्थिक सहायता उपलब्ध गराउन सकिने छ ।

५. **सवारी दुर्घटना, रुख भिर बाट लडेको तथा विधुतीय करेन्ट लागी मृत्यू भएका मृतक परिवारलाई सहायताः-**
(१) सवारी दुर्घटनामा परि ज्यान गुमाउने, रुख भिरबाट लडि ज्यान गुमाउने तथा विद्युतीय करेन्ट लागी ज्यान गुमाउने मृतकका परिवारलाई परिवारको व्यवस्थापनको लागी आर्थिक सहायता स्वरुप प्रति मृतक रु. २०००० (अक्षरुपी बिस हजार रुपैंया मात्र ) उपलब्ध गराउन सकिने छ ।

(२) उपखण्ड (१) आर्थिक सहायता प्राप्त गर्न नेपाली नागरिकताको प्रतिलिपी, प्रहरी कार्यालयबाट जारी मुचुल्का, वडा कार्यालयको सिफारिस र अन्य प्रमाणित कागजात सहित गाउँपालिका कार्यालयमा अनुसूची-२ अनुसारको निवेदन पेश गर्न सकिने छ ।

## परिच्छेद– ३

## विविध

६. **निवेदनको ढाँचाः-** खण्ड ३ अनुसार सहायता पाउन अनुसूची-१ र खण्ड ५ बमोजिमको सहायता पाउन अनुसुचि-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

७. **थप आर्थिक सहायता सिफारिस समितिः** (१) खण्ड ४ अनुसार थप आर्थिक सहायता प्रदान गर्नुपर्ने भएमा आवश्यक जाँचबुझ गर्न तथा थप आर्थिक सहायताको लागि गाउँकार्यपालिकालाई सिफारिस गर्न तपशिल बमोजिमको समिति रहनेछ :

**तपशिलः**

**संयोजकः** अध्यक्ष

**सदस्यः** उपाध्यक्ष

**सदस्यः** प्रमुख प्रशासकीय अधिकृत

**सदस्यः** संयोजकले तोकेको अधिकृत स्तरको कर्मचारी-१ जना

**सदस्य सचिवः** स्वास्थ्य शाखा प्रमुख

(२) थप आर्थिक सहायताको लागि सिफारिस गर्ने वा नगर्ने भन्ने सम्बन्धमा यस समितिको निर्णय अन्तिम हुने छ ।

(३) थप आर्थिक सहायता रकम कार्यपालिकाको निर्णय अनुसार प्रदान गरिने छ ।

८. **आर्थिक सहायता कोषः-** (१) यस कार्यविधि अनुसार आर्थिक सहायता दिने प्रयोजनको लागि एक आर्थिक सहायता कोषको स्थापना गरिने छ ।

(२) आर्थिक सहायता कोषमा देहायको रकम जम्मा गरिने छः-

(क) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट आर्थिक सहायता कोषको लागि प्राप्त अनुदान,

(ख) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट आर्थिक सहायताको लागि प्राप्त सहयोग वा अनुदान,

(ग) आर्थिक सहायता, राहत तथा पुर्नस्थापनाको लागि प्राप्त जुनसुकै रकम,

(३) कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) आर्थिक सहायता कोष सम्बन्धी अन्य व्यवस्था गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

९. **पटक पटक सुविधा नपाउनेः-** आर्थिक सहायता संबन्धी शिर्षकबाट एक पटक सुविधा प्राप्त गरेको व्यक्ति तथा परिवारले पुनः सोही कार्यको लागि पटक पटक सुविधा पाउने छैन ।

## परिच्छेद -४

## अनुगमन तथा प्रतिवेदन

१०. (१) यो निर्देशिका अनुसार गरिएका काम कारवाहीको लागि गाँउपालिका बाट अनुगमन गरिनेछ ।

(२) यो निर्देशिका अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन गाँउ कार्यपालिकामा पेश गरिनेछ ।

## परिच्छेद -५

## संशोधन तथा परिमार्जन

११. गाँउपालिका आर्थिक सहायता संबन्धी कार्यलाई व्यवस्थित बनाउन आवश्यकता अनुसार गाँउ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

## परिच्छेद -६

## खारेजी तथा वचाउ

१२. यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा "स्थानीय तहको शासन सञ्चाल संबन्धी ऐन २०७९", "स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४" स्थानीय तहको शासन सन्चालन ऐन, २०७९ तथा अन्य प्रचलित कानुन संग वाझिएको हकमा बाँझिएको हदसम्म खारेजी हुनेछ । साथै यस कार्यविधि बन्नु अघि बनेका तथा वितरण गरिएका आर्थिक सहायता संबन्धी व्यवस्थाहरु यसै कार्यविधि अनुसार भएको मानिने छ ।

# अनुसूची– १

## (खण्ड ३(१) सँग सम्बन्धित)

मितिः-

श्रीमान् अध्यक्ष ज्यू,

विरुवा गाउँपालिका, स्याङ्जा

**विषयः आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।**

महोदय,

प्रस्तुत विषयमा म/हामी ............................................ रोगले ग्रसित भई ......................................... गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौं । उपचारको लागि म र मेरो परिवारको आर्थिक अवस्था कमजोर भएकोले सो-को लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई निःशुल्क उपचारको लागि सम्बन्धित निकायमा सिफारिस गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि पेश गर्दछु/गर्दछौं ।

**तपसिलः**

१. नेपाल सरकार स्वास्थ्य संस्थाबाट जारी सिफारिस,

२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/...........................को प्रतिलिपि

३. वडा कार्यालयको सिफारिस

**निवेदकः**

| क्र.स. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची-२
## (खण्ड ५(२) सँग सम्बन्धित)

मितिः-

श्रीमान् अध्यक्ष ज्यू,
विरुवा गाउँपालिका स्याङ्जा ।

**विषयः-आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।**

महोदय,

प्रस्तुत विषयमा म/हामी निवेदक ............................................. को नातामा ........................................... पर्ने व्यक्ति ............................................... को नाती ................................................. को छोरा श्री ...................................................... को ............................................................... कारणले निधन भएको व्यहोरा अवगत गराउँदछु/छौं । मृतकको पारिवारको आर्थिक अवस्था कमजोर भएको, तत्काल परिवारको व्यावस्थापन गर्न जरुरी रहेकोले तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई सहयोग गरिदिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि यो निवेदन पेश गर्दछु/गर्दछौं ।

**तपसिलः**

१. प्रहरी मुचुल्काको सिफारिस तथा प्रमाणित प्रतिलिपि,
२. नागरिकता/जन्मदर्ता/विवाहदर्ता/ ............................. को प्रतिलिपि
३. वडा कार्यालयको सिफारिस ।

**निवेदकः**

| क्र.स. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

आज्ञाले
चन्द्र कान्त भण्डारी
प्रमुख प्रशासकीय अधिकृत